## तीनपाटन गाउँपालिकाको

स्थानीय राजपत्र

# बाल संरक्षण कोष (स्थापना तथा सञ्चालन) कार्यविधि, २०७९

**भाग-२**

कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०९/१०

खण्ड : ६, अंक ५१, सङ्ख्या ४०
राजपत्रमा प्रकाशित मिति : २०८०/०१/१०

प्रमाणीकरण मिति : २०८०/०१/२५

**तीनपाटन गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, लाम्पनटार
सिन्धुली, जिल्ला
बागमती प्रदेश, नेपाल

# बाल संरक्षण कोष (स्थापना तथा सञ्चालन) कार्यविधि, २०७९

**प्रस्तावना**

तीनपाटन गाउँपालिका भित्रका आपतकालिन एवम् जोखिम अवस्थामा रहेका बालबालिकाहरूलाई तत्काल संरक्षण, उद्दार, राहत र पारिवारिक पुर्नस्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीयस्तरमा कोष स्थापना गरी परिचालन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि पारित गरी जारी गरेको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम "बाल संरक्षण कोष (स्थापना तथा सञ्चालन) कार्यविधि, २०७९" रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिदेखि तुरुन्त लागू हुनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) "**कोष**" भन्नाले यस कार्यविधिको दफा ४ मा उल्लेख गरे बमोजिम स्थापना गरिएको बाल कोषलाई सम्झनु पर्दछ ।

(ख) "**गाउँपालिका**" भन्नाले तीनपाटन गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "**वडा कार्यालय**" भन्नाले तीनपाटन गाउँपालिकाको वडा कार्यालयहरूलाई सम्झनु पर्दछ ।

घ) "**बाल अधिकार समिति**" भन्नाले तीनपाटन गाउँपालिकामा गठित बाल अधिकार समितिलाई बुझ्नु पर्दछ ।



(ङ) "**आपतकालिन अवस्था एवम् जोखिम अवस्थामा रहेका बालबालिका**" भन्नाले कार्यविधिको दफा ३ मा उल्लेखित बालबालिकालाई सम्झनु पर्दछ ।

(च) "**सञ्चालक समिति**" भन्नाले कार्यविधिको दफा ६ मा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

३. आपतकालिन एवम् जोखिम अवस्थाका बालबालिका आपतकालिन एवम् जोखिम अवस्थाका बालबालिका अन्तर्गत देहायका बालबालिकाहरू पर्दछन् ।

१. जोखिमपूर्ण श्रममा संलग्न रहेको
२. यौनशोषण, यौन दुर्व्यवहार, बेचखन वा ओसारपसारमा परेका
३. शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित
४. अपाङ्गता भएका बालबालिका
५. दुर्घटनामा परेका वा प्राकृतिक प्रकोपमा परेका
६. हिंसाबाट प्रभावित एवम् पीडित भएका
७. हराएको वा वेवारिसे अवस्थामा परेका
८. ऋणको कारणले बन्धकमा रहेका वा जबर्जस्ति श्रममा लगाई पीडित रहेका
९. बाबु/आमा वा आफन्तजनको संरक्षणबाट वञ्चित भएका
१०. सुस्त मनस्थिति भएका
११. अपहरण वा शरीर बन्धकमा परेका
१२. सडक बालबालिका
१३. एच.आई.भि. संक्रमित तथा प्रभावित भएका बालबालिका
१४. सञ्चालक समितिले निर्णय गरी आपतकालिन अवस्थामा रहेको भनी पहिचान गरेको बालबालिका ।

## परिच्छेद-२
## कोषको स्थापना र उद्देश्य

**४. कोषको स्थापना**

गाउँपालिकाभित्र आपतकालिन तथा जोखिममा रहेका बालबालिकाहरूलाई तत्काल सहयोग गर्न एउटा बैंक खाता रहनेछ । उक्त कोषमा देहाय बमोजिम रकम रहनेछ ।

(१) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,
(२) गाउँपालिकाबाट यस कोषको लागि छुट्याइएको रकम,
(३) विभिन्न संघसंस्था वा व्यक्तिबाट सहयोग स्वरूप प्राप्त हुने रकम,
(४) कुनै स्वदेशी तथा विदेशी व्यक्तिबाट सहयोग स्वरूप प्राप्त हुने रकम,
(५) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

**५. कोषको उद्देश्य**

यस बाल कोषका उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) आपतकालीन तथा जोखिम अवस्थामा रहेको बालबालिकाको उद्दार गर्ने,
ख) आपतकालीन तथा जोखिम अवस्थामा रहेका बालबालिकाहरूलाई आधारभूत आवश्यकता सहित राहत उपलब्ध गराउने,
ग) जोखिम रहेका बालबालिकाहरूलाई पारिवारिक पुर्नस्थापना गर्ने,
घ) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,
ङ) विभिन्न कारणले शिक्षाबाट बञ्चित भएका बालबालिकाहरूलाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराउने ।

## परिच्छेद-३
## सञ्चालक समिति सम्बन्धी व्यवस्था

**६. सञ्चालक समितिको गठन**

कोषको व्यवस्थापन, सञ्चालन एवम् स्रोतको खोजी गर्न देहाय बमोजिमको सञ्चालक समिति रहनेछ ।



(१) गाउँपालिका उपाध्यक्ष - अध्यक्ष
(२) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(३) सामाजिक विकास समिति संयोजक - सदस्य
(४) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य
(५) गाउँपालिका स्तरीय बाल सञ्जाल वा बालक्लबको एक जना प्रतिनिधि - सदस्य
(६) बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्थामध्येबाट संयोजकले मनोनित गरेको १ जना - सदस्य
(७) बाल कल्याण अधिकारी - सदस्य सचिव

**७. सञ्चालन समितिको काम, कर्तव्य र अधिकार**

सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(१) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्दार गर्ने, स्वास्थ्योउपचार गर्ने पुन:स्थापना गर्ने, यस्ता बालबालिकालाई राहत तथा शैक्षिक सहयोग गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,
(२) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,
(३) सहयोगको आवश्यकता र उपलब्ध स्रोतको आधारमा सामाग्री वा नगद सहयोग गर्ने र सो को विवरण अद्यावधिक गर्ने,
(४) प्रत्येक ६ महिनामा कार्य प्रगति विवरण गाउँ कार्यपालिकामा पेश गर्ने,
)५) बाल अधिकार समितिसँग समन्वय गरी जोखिम अवस्थामा रहेका बालबालिकाको तङ्याङ्क सङ्कलन गर्ने/गराउने,
(६) बाल कोष वृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने,
(७) कोषको आय-व्ययको विवरण अद्यावधिक गरी गाउँ कार्यपालिकामा पेश गर्ने,
(८) कोषको वृद्धिमा सहयोग गर्ने संघसंस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने ।

८. **सञ्चालक समितिले गर्न नहुने कामहरू**

(१) कोषको रकम हिनामिना गर्ने वा कोषको उद्देश्य विपरित समितिको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न ।

(२) आपतकालीन अवस्थाका बालबालिकाको तत्काल उद्दार तथा संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

(३) कोषको रकम प्रशासनीक कार्यमा खर्च गर्न ।

९. **सञ्चालक समितिको बैठक**

(१) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(२) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा सामाजिक विकास समितिका संयोजकले बैठकको अध्यक्षता गर्नेछ ।

(३) सञ्चालक समितिको निर्णय प्रक्रिया सहमतिय आधारमा हुनेछ। कुनै विषयमा सहमति हुन नसकेमा मात्र उपस्थित गणपुरक सङ्ख्याको बहुमतिय आधारमा हुनेछ ।

(४) सञ्चालक समितिको निर्णय सदस्य सचिवले अद्यावधिक गरी राख्नेछ ।

(५) सञ्चालक समितिको सम्पर्क स्थान महिला तथा बालबालिका शाखामा रहनेछ ।

(६) बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४
## कोषको रकम खर्च सम्बन्धी व्यवस्था

१०. **कोषको उपयोग :**

कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ :

(१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न,

(२) विषेश संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार गर्न,

(३) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी संरक्षण गर्न,



(४) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्न,

(५) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिवार खोजी गरी पुनर्मिलन तथा पुनर्स्थापना गर्न,

(६) खण्ड (क) देखि (ङ) मा उल्लेखित कार्यसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्न ।

११. **कोषको रकम खर्च गर्ने प्रक्रिया**

कोषको रकम देहाय बमोजिम खर्च गरिनेछ :

(१) कोषमा प्राप्त हुने रकम सञ्चालक समितिको निर्णय बमोजिम आपतकालीन तथा जोखिममा रहेका बालबालिकाको हितको लागि खर्च गरिनेछ ।

(२) कोषबाट दफा ३ मा उल्लेख गरिएको समूहका बालबालिकालाई सहयोग गरिनेछ ।

(३) कोषबाट आपतकालिन अवस्थामा रहेको बालबालिकाको अवस्था र आवश्यकताअनुसार समितिको निर्णयानुसार खर्च गरिनेछ ।

१२: **कोषको रकम उपलब्ध गराउन सकिने**

(१) आपतकालीन अवस्थामा रहेका बालबालिकाको तत्काल उद्दार, राहत, पुर्नस्थापना, औषधि उपचार र शैक्षिक सहयोग गर्न आर्थिक सहयोग गर्नुपर्ने देखिएमा सञ्चालक समितिको तत्काल बैठक बसी आवश्यक निर्णय गरी पीडित बालबालिकालाई निजको अवस्था र आवश्यकता अनुसार रकम उपलब्ध गराइनेछ ।

## परिच्छेद-५
## सहयोग प्राप्तिको विधि तथा प्रक्रिया

१३. **सहयोग प्राप्तिको प्रक्रिया**

(१) गाउँपालिका भित्र विशेष संरक्षणको आवश्यकता भएको बालबालिका छ भनी कसैले समिति समक्ष निवदेन दिन वा लिखित वा मौखिक रूपमा जानकारी गराउन सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम जानकारी प्राप्त भएपछि समितिको सदस्य सचिवले आवश्यक जाँचबुझ गरी यथार्थ विवरण पत्ता लगाउनु पर्नेछ ।

(३) सदस्य सचिवलाई विशेष संरक्षणको आवश्यकता भएको बालबालिकालाई सहयोग आवश्यक छ भन्ने लागेमा अध्यक्ष समक्ष सिफारिस गर्नेछ ।

(४) सञ्चालक समितिको बैठकको निर्णयानुसार विषेश संरक्षण आवश्यक भएको बालबालिकालाई सहयोग उपलब्ध गराइनेछ ।

## परिच्छेद-६
## कोष सञ्चालन तथा लेखा परीक्षण

**१४. कोष सञ्चालन**

(१) कोषको रकम गाउँपालिकाले तोकेको बैंक खातामा जम्मा गरी छुट्टै श्रेस्ता कायम गरी सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१५. कोषको लेखा परीक्षण**

कोषको आन्तरिक लेखा परीक्षण कार्यालयको आन्तरिक लेखा परीक्षकबाट हुनेछ । अन्तिम लेखा परीक्षण नियमानुसार महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

## परिच्छेद-७
## विविध

**१६. रकम फ्रिज नहुने**

यस कार्यविधि बमोजिम स्थापित कोषको रकम आर्थिक वर्षको अन्त्यसम्म खर्च नभई बाँकी रहेमा यस्तो रकम फ्रिज हुने छैन ।



**१७. कार्यविधिको व्याख्या**

यस कार्यविधिमा भएका व्यवस्थाहरूमा कुनै विवाद आएमा प्रचलित कानून बमोजिम अन्तिम निर्णय कार्यपालिकाले गर्नेछ ।

**१८. प्रतिवेदन प्रकाशन गर्नपर्ने**

(१) समितिले आफूले गरेको कामको प्रतिवेदन वार्षिक रूपमा गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन गाउँ कार्यपालिकाले वार्षिक रूपमा प्रकाशन गर्नुपर्नेछ ।

**१९. अभिलेख राख्नुपर्ने**

समितिले आफूले गरेको काम कारबाहीहरूको अभिलेख दुरुस्त राख्नुपर्नेछ ।

**२०. संशोधन, स्वतः निष्क्रिय तथा खारेजी**

(१) कार्यपालिकाले आवश्यक ठानेमा यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधि बमोजिम स्थापित कोषको आवश्यकता नठानेमा कार्यपालिकाले खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कोष खारेज भएमा कोषमा जम्मा भएको रकम स्वतः गाउँपालिको सञ्चित खातामा स्वतः हस्तान्तरण हुनेछ ।

(४) यस कार्यविधिमा लेखिएका प्रावधान प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

**आज्ञाले**
जितेन्द्र गिरी
नि.प्रमुख प्रशासकिय अधिकृत